# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५ सङ्ख्याः ४ मितिः साउन १, २०७९**

## भाग - १

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**उर्लाबारी नगरपालिकाको खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९**

**नगर सभाबाट स्वीकृत मितिः २०७९ असार १७ गते**

प्रस्तावना : उर्लाबारी नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रभित्रको बासिन्दालाई स्वच्छ, प्रभावकारी र सुलभ एकिकृत खानेपानी सेवा प्रदानका सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "उर्लाबारी नगरपालिकाको खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन उर्लाबारी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(३) यो ऐन उर्लाबारी नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले उर्लाबारी नगरपालिकाको खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी सम्झनु पर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको खानेपानी व्यवस्थापन निर्देशन समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(च) "नगरपालिका" भन्नाले उर्लाबारी नगरपालिका सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले उर्लाबारी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(झ) "सरसफाई सेवा" भन्नाले मानव मलमुत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

(ञ) "सेवा" भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्छ ।

(ट) "वडा" भन्नाले उर्लाबारी नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(ठ) "सभा" भन्नाले उर्लाबारी नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ड) "अनुमतिपत्र" भन्नाले खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ढ) "सेवा प्रदायक" भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले समितिसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै संस्था समेतलाई जनाउँछ ।

(ण) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धीकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ।

(त) "महसुल" भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ।

(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(द) "प्राकृतिक पानी" भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ।

(ध) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्छ।

(न) "आपूर्तिकर्ता" भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उर्लाबारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(झ) "प्रमुख" भन्नाले उर्लाबारी नगरपालिकाका प्रमुख सम्झनु पर्दछ।

## परिच्छेद -२

## निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. निर्देशक समितिको गठन : (१)** नगरपालिका क्षेत्रमा खानेपानीको सेवा प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन तथा सहजिकरणका लागि निर्देशन दिन उर्लाबारी नगरपालिकामा देहाय बमोजिमको खानेपानी व्यवस्थापन निर्देशक समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | उपप्रमुख | सदस्य |
| ३. | खानेपानी सेवा प्रदायक संस्था सुचारु भएको वडाहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना वडा अध्यक्ष | सदस्य |
| ४. | उपभोक्ता संस्थाहरुमध्येबाट एक महिला सहित समितिले मनोनयन गरेको तिन जना व्यक्ति | सदस्य |
| ५. | समितिले मनोनयन गरेको खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञ एक जना | सदस्य |
| ६. | सम्पूर्ण उपभोक्ताहरु मध्येबाट एक महिला सहित समितिले मनोनयन गरेको तिन जना व्यक्तिहरु | सदस्य |
| ७. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

**४. सदस्यको पद रिक्त हुने अवस्थाः** समितिका मनोनित सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ :

(क) निजले मनोनयन गर्ने निकाय वा व्यक्ति समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज साहूको दामासाहीमा परेमा,

(घ) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निज बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा वा मानसिक सन्तुलन गुमेमा ।

**५. रिक्त स्थानको पूर्ति** : समिति मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी पदको पूर्ति गरिने छ ।

**६. निर्देशक समितिको क्षेत्राधिकारः** (१). समितिको क्षेत्राधिकार उर्लाबारी नगरपालिका भित्रको सम्पूर्ण भूगोल तथा सेवा प्रदायकले हाल प्रदान गरिरहेको सेवा क्षेत्रलाई समेत मान्नु पर्नेछ ।

**७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार**ः यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकार बाहेक, समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सेवा प्रणालीलाई एकिकृत, नियमित र व्यवस्थित बनाई सेवा सञ्चालनमा एकरुपता ल्याउने,

(ख) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्न निर्देशन गर्ने,

(ग) खानेपानी दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानी स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गराउने,

(च) उपभोक्ता समिति गठन गरी दर्ता गर्न चाहनेलाई छानबिन गरी सञ्चालन अनुमति प्रदान गर्ने,

(छ) सञ्चालनमा रहेका उपभोक्ता समितिको अनुगमन, नियमन तथा निर्देशन र नियन्त्रण गर्ने,

(ज) सेवा सञ्चालनका लागि आवश्यक पर्ने अन्य काम गर्ने ।

**८. निर्देशक समितिले सेवा सञ्चालन गर्ने गराउने:** (१) समितिले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार अनुमतिपत्र प्रदान गरी उपभोक्ता समिति, सार्वजनिक निजी साझेदारीको ढाँचामा सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी संस्थाको हकमा देहाय बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ ।

(क) उपदफा (१) सेवाको अवधि सम्झौतापत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

(ख) सेवा प्रदायकले पालन गर्नु पर्ने शर्तहरु अनुमतिपत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

(ग) अनुमति पत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ ।

**९. अनुमतिपत्र दिन इन्कार गर्न सकिने**: देहायको कुनै अवस्थामा समितिले सेवा प्रदायकको अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछः

(१) प्रचलित कानून बमोजिम दर्ता नभएको,

(२) अनुमति प्राप्त गर्नका लागि तोकिएको प्राविधिक योग्यता वा आर्थिक क्षमता नभएको,

(३) कालोसूचीमा परी कालोसूची कायम रहेको,

(४) तोकिएका अन्य अवस्था विद्यमान भएमा ।

**१०. सेवा प्रदायकको अनुमतिपत्र रद्द गर्न सकिने**: (१) देहाय बमोजिममा समितिले अनुमति पत्र रद्द गर्न सक्ने छ ।

(क) काबू बाहिरको परिस्थिति बाहेक अनुमतिपत्रमा तोकिएका अवधिभित्र सेवा सुरु नगरेमा,

(ख) सेवा प्रारम्भ गरेपश्चात् काबू बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा नब्बे दिनभन्दा बढी सेवा प्रदान नगरेमा ।

(ग) स्वीकृति प्रदान गरिएको भन्दा बढी सेवा महसूल लिएमा,

(घ) ऐन, नियमावली, अनुमतिपत्र वा सम्झौता उल्लंघन गरेमा,

(ङ) सेवा प्रवाहको मापदण्ड र स्तर उल्लंघन गरेमा,

(च) समितिले दिएको निर्देशनको पालना नगरेमा,

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि समितिले सेवा प्रदायकलाई सफाईका मनासिब मौका दिनु पर्नेछ ।

**११. पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार सर्ने:** (१) उर्लाबारी क्षेत्र भित्र खानेपानी उपभोक्ता संस्थाले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली ऐन लागु भए पश्चात स्वतः यसै ऐन बमोजिम सञ्चालित भएको मानिनेछ ।

**१२. समितिको बैठक र निर्णय:** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको बैठक बोलाउँदा बढीमा पन्ध्र दिनभित्र समितिको बैठक बस्ने गरी समितिको बैठक बोलाउनु पर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा नगर उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ । दुवै जनाको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

**१३. सदस्यको भत्ता तथा सुविधा** : (१) निर्देशक समितिको सदस्यले बैठकमा भाग लिए बापत कार्यपालिकाले तोके बमोजिम भत्ता पाउनेछन् ।

## परिच्छेद-३
## समितिको विशेषाधिकार

**१४. ऋण तथा सहयोग लिन सक्ने :** खानेपानी सेवाप्रदायक संस्थाले नेपालभित्रको कुनै बैंक वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

**१५. लगानी गर्न सक्ने :** (१) उपभोक्ताहरुको हितलाई ध्यानमा राखि निर्देशक समितिबाट नगरपालिका वा अन्य दातृ निकायको सहयोगमा लगानी व्यवस्थापनका लागि पहल गर्नेछ ।

## परिच्छेद- ४
## उपभोक्ता समिति दर्ता सम्बन्धी व्यवस्था

**१६. उपभोक्ता समिति दर्ता गर्नुपर्ने : (१)** नगरपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुऱ्याउने उद्देश्यले नगरवासीहरु मिली उपभोक्ता समितिहरुको स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति तोकिए बमोजिम नगरपालिकामा सूचिकृत गर्नुपर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई संचालित उपभोक्ता समिति पनि यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र सूचिकृत हुनु पर्नेछ ।

(४) उपभोक्ता समितिको दर्ता तथा नवीकरण सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**१७. उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्थाः** उपभोक्ता समितिको कार्यक्षेत्र, वर्गीकरण, उपभोक्ता समितिको विघटन लगायतका विषयहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ५
## कसूर तथा सजाय

**१८. कसूर तथा सजाय :** (१) कसैले यो ऐन वा यस अन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा समितिले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षति भएको हानि नोक्सानी भराई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा वाधा अवरोध पुऱ्याएमा बिगो असुल गरी दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिवाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्ने ।

(च) दफा १६ बमोजिम उपभोक्ता समिति दर्ता नगराई समिति स्थापना गरेमा वा कानून बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई समितिले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(छ) माथि लेखिए देखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गतको नियमावलीका व्यवस्था उल्लंघन गरेमा पचास हजार रुपैयाँसम्म जरिवाना ।

(२) यस दफा बमोजिम कसूरको उजुरी तथा छानबिन गरी सजाय गर्न अधिकार समितिलाई हुनेछ ।

(३) समितिले उपदफा (२) बमोजिम गरेको सजाय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद-६

## विविध

**१९. निर्देशन दिन सक्ने** : सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा

कार्यपालिकाले निर्देशक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

**२०. वार्षिक प्रतिवदेन पेश गर्नु पर्ने :** (१) खानेपानी प्रदायक संस्थाले त्रैमासिक प्रगती प्रतिवेदन र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिनाभित्र समिक्षा सहितको वार्षिक प्रगती प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) निर्देशक समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र उर्लाबारी नगरपालिका भित्र खानेपानी क्षेत्रमा भएका कामको सम्पूर्ण विवरण समेत समावेश गरी कार्यपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन कार्यपालिकाले प्रत्येक वर्ष समितिलाई सार्वजनिक गर्न लगाउनेछ ।

**२१. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**२२. निर्देशिका बनाई लागू गर्न सक्ने :** यो ऐन वा यसअन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. १०।